नेपाल सरकार
शिक्षा तथा खेलकुल मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ
जनकपुरधाम, धनुषा
☎०४१-४२६३४३

प.स. : २०८३।०८४
च.न. : ६३२

मिति :२०८३।०७।१६

विषय :एसइइको आवेदन फाराम भर्ने/ भराउने सम्बन्धमा ।

श्री सबै सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरु, धनुषा।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८३ मा कक्षा १० मा नियमित रुपमा अध्ययनरत विद्यार्थीहरु, खुल्ला विद्यालय तर्फका विद्यार्थीहरु र ग्रेडवृद्धी तर्फका विद्यार्थीहरुले २०८३ सालमा सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा(एसइइ) मा समावेश हुनका लागि परीक्षा आवेदन फाराम भर्ने भराउने सम्बन्धी राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) सानोठिमी भक्तपुरको मिति २०८३/०७/०९ गतेको प्रकाशित सुचना बमोजिम तपसिल अनुसार गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल:

१. नियमित विद्यार्थीहरुले आवेदन फारामका साथ संलग्न गर्नुपर्ने कागजातहरु :
   - रजिष्ट्रेशन अर्धकट्टीको फोटोकपी (एकाइबाट पछि उपलब्ध गराईनेछ),
   - शैक्षिक सत्र २०८१ वा सो भन्दा पहिले आधारभूतह कक्षा ८ उत्तिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी (प्र.अ. बाट प्रमाणित),
   - प्र.अ. बाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी,
   - विद्यालय पोशाकमा हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो आवेदन फाराममा टास्नेर प्र.अ.ले फोटो प्रमाणित गर्ने,
२. खुल्ला बैकल्पिक तर्फका विद्यार्थीहरुले निर्देशिका बमोजिम कक्षा ८ वा सो सरहको आधारभूत तह उत्तीर्ण गरी दुई वर्ष पश्चात् कक्षा ९ र १० को कार्यक्रममा भर्ना भई अध्ययन गरेको **(प्रमाण पत्र जारी गर्ने निकायले यो सूचना प्रकाशन भएपछि भेरिफिकेसन गरिएको,** जन्मदर्ता प्रमाणपत्रको फोटोकपी प्रधानाध्यापकबाट प्रमाणित गरी पेश गर्नुपर्नेर हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो आवेदन फाराम टास्ने,
३. ग्रेडवृद्धी तर्फ:
   - २०८०, २०८१ र २०८२ सालको नियमित वा ग्रेडवृद्धि (पुरक) परीक्षाका परीक्षार्थीहरुले NG भएका र अनुपस्थित भएको विषयमा मात्र ग्रेडवृद्धी परीक्षाका लागी आवेदन फाराम भर्नु भराउनु पर्नेछ ।
   - आवेदन फाराम भर्दा परीक्षार्थीले आफुले नियमित अध्ययन गरेको विद्यालयबाट नै भर्नु पर्नेछ । एक विद्यालयले अर्को विद्यालयमा अध्ययन गरेको विद्यार्थीको आवेदन फाराम भराउन पाउने छैन अन्य विद्यालयबाट आवेदन फाराम भराएमा स्वत: रद्ध हुनेछ ।
   - ग्रेडवृद्धीका परीक्षार्थीहरुले हालसालै खिचेको पासपोर्ट साइजको दुइ प्रति फोटो आवेदन फाराममा टाँस गरी रजिष्ट्रेशन स्लिपको फोटोकपी र ग्रेडसिटको फोटोकपी प्र.अ. बाट प्रमाणित सहित आवेदन फाराम बुझउनु पर्नेछ ।
   - ग्रेडवृद्धि तर्फका परीक्षार्थीहरुले **पहेलो रङको फाराम** मात्र प्रयोग गर्नुपर्नेछ।
   - नियमित र ग्रेडवृद्धि तर्फको परीक्षार्थीहरुको छुट्टाछुट्टै समष्टिगत विवरण सहितको फाईल बनाई पेश गर्नु पर्नेछ ।
४. साधरण, प्राविधक धार तथा खुल्ला विद्यालयहरुले मिति २०८३ मंसिर ०८ गते भित्र प्रति परीक्षार्थी परीक्षा दस्तुर रु. ५००।- का दरले राजश्व जम्मा गरी सक्कलै भौचर संलग्न राखि मिति २०८३ मंसिर १० गते भित्र यस एकाइमा आवेदन फाराम बुझाउनुहुन ।
५. उल्लेखित बुदाहरु अनुसार आवेदन फाराम भर्ने विद्यार्थीहरुको नाम, थर जन्ममिति र परीक्षा दिने विषयहरु ठीकसँग भरे नभरेको रुजु गरी तोकिएको समष्टिगतको ढाँचामा रजिष्ट्रेशन नम्बरको आधारमा बढ्दो क्रममा विद्यार्थीको विवरण भर्ने र सो समष्टिगत विवरण अनुसार फारामको क्रम मिले नमिलेको रुजु गरी मिलाउने र परीक्षा दस्तुर बापतको रजश्व जम्मा गरेको भौचर समेत संलग्न राखी २०८३ मङ्सिर १४ गते भित्र यस एकाइमा बुझाउनु पर्नेछ,
६. कक्षा १० मा अन्य विद्यालय तथा जिल्लाबाट स्थानान्तरण भई नयाँ भर्ना हुन आउने विद्यार्थीको हकमा संशोधित नियमावली अनुसार गरी त्यस्ता खाले विद्यार्थीको छुट्टै अभिलेख राख्नको लागि विवरण छुट्टै तयार गरी पेश गर्ने ।
७. राजश्व शुल्क सम्बन्धी विवरण (भौचरमा भर्नु पर्ने) :

बैंकको नाम र ठेगाना	राष्ट्रिय बाणिज्य बैंक लिमिटेड	राजश्व शिर्षक नं.	१४२२३
बापत/प्रयोजन	आवेदन फाराम दस्तुर	आ.व.	२०८३/०८४
कार्यालयको नाम र कोड	शिक्षा विकास तथा समन्वय एकाइ, धनुषा (कोड : ३५००११७०१)		
राजश्व दस्तुर	प्रति परीक्षार्थी रु.५००/- का दरले एकमुष्ट हुन आउने रकम		

(परीक्षा आवेदन फाराम रा.प. बोर्ड, प.नि.का. कक्षा १०, सानोठिमी भक्तपुरबाट प्राप्त भएकोहुँदा फाराम बुझ्न आउनुहुन समेत अनुरोध छ ।)

१६।७।२०८३

प्रतापसिंह धामी
एकाइ प्रमुख/उपसिचव

मो.न.९८५४०२९७८० ,९८५४०२९५०० इमेल deodhanusha2016@gmail.com जनकपुर, धनुषा

एकाइ प्रमुख